# शोधवृत्ति तथा अनुसन्धान अनुदान मापदण्ड, २०७८

(पहिलो संशोधन २०७९)

**गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान**

**पोखरा**

**प्रस्तावना**: गण्डकी प्रदेशमा विज्ञान विषयमा शोध तथा अनुसन्धान गर्न चाहने उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाई शोधपत्र तथा अनूसन्धान अनूदानका रुपमा नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा अनुदानका रुपमा सहयोग गर्ने प्रक्रियालाई वैज्ञानिक, वस्तुनिष्ठ, मितव्ययी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानले देहायको मापदण्ड बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस मापदण्डको नाम "शोधवृत्ति तथा अनुसन्धान अनुदान मापदण्ड, २०७८ (पहिलो संशोधन २०७९)" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अध्ययन संस्थान" भन्नाले गण्डकी प्रदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय, क्याम्पस वा अध्ययन संस्थानलाई सम्झनु पर्छ।

(ख) "अनुसन्धान अनुदान" भन्नाले अध्ययन संस्थानमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधपत्र तयार गर्न सुपरिवेक्षण गर्ने अध्ययन संस्थानमा प्रध्यापनरत अध्यापक अनुसन्धानकर्तालाई प्रदान गरिने नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा रकम सम्झनु पर्छ।

(ग) "अनुसन्धानकर्ता" भन्नाले अध्ययन संस्थानमा विज्ञान तथा प्रविधि विषयमा अध्ययनरत रही स्नातकोत्तर अन्तिम वर्षमा अध्ययनरत रही शोधपत्र तयार गर्ने विद्यार्थी अनुसन्धानकर्ता जनाँउदछ। सो शब्दले अध्ययन संस्थानमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई शोधपत्र तयार गर्न सुपरिवेक्षण गर्ने अध्ययन संस्थानमा प्रध्यापनरत अध्यापक (प्राध्यापक,सह प्राध्यापक तथा उप प्राध्यापक) अनुसन्धानकर्ता समेतलाई जनाँउदछ।

(घ) "प्राविधिक समिति" भन्नाले दफा ५ बमोजिम गठित प्राविधिक समिति सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनु पर्छ।

(च) "विद्यार्थी" भन्नाले अध्ययन संस्थानमा स्नातक/स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ज) "शोधवृत्ति" भन्नाले विद्यार्थीलाई शोधपत्र (थेसिस) लेखनका लागि प्रदान गरिने वृत्ति सम्झनु पर्छ।

३. **सहयोग गर्ने क्षेत्रहरु**: प्रतिष्ठानले गण्डकी प्रदेशमा रहेका देहायका क्षेत्रमा शोध तथा अनुसन्धान गर्ने अध्ययन संस्थानहरुका अनुसन्धानकर्ताहरुलाई सहयोग उपलब्ध गराउनेछ।

(क) Agricultural and agronomic sciences

(ख) Animal, Veterinary and fishery sciences

(ग) Engineering and allied subjects

(घ) Forest, environment, ecology and climate sciences

(ङ) Geography and Geosciences

(च) Health and allied sciences

(छ)IT, Computer and allied sciences.

(ज) Natural sciences

४. **सहयोग गर्ने अनुदानको सिमा तथा अनुदान संख्या:** (१) शोधवृत्तिका लागि अनुसन्धानकर्तालाई नगद पचास हजार सम्म, उपकरण एक लाख रुपैंया सम्मको नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा उपलब्ध गराइनेछ । अनुसन्धान अनुदानका लागि अध्यापक अनुसन्धानकर्तालाई पाँच लाख रुपैंया सम्मको नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा उपलब्ध गराइनेछ ।

(२) प्रतिष्ठानले यस कार्यक्रमका लागि विनियोजित बजेट, उपदफा (१) बमोजिमको सहयोग रकमको आधारमा मूल्याङ्कन अवधिको लागि अनुदानको संख्या, अनुदानको किसिम (नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा अनुदान), विद्यार्थी तथा सुपरिवेक्षण अनुदान तथा रकम प्रतिष्ठानले मूल्याङ्कन अगावै निर्णय गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले अनूसन्धानकर्ताले प्रस्ताव गरेको वैज्ञानिक उपकरण तथा अन्य जिन्सी प्रतिष्ठान सँग उपलब्ध रहेको अवस्थामा सम्झौता पश्चात तत्कालै र उपलब्ध नरहेको अवस्थामा सबैभन्दा छिटो खरिद प्रकृयाबाट खरिद गरि उपलब्ध गराउनेछ ।

(४) अध्ययन संस्थानको शैक्षिक क्यालेण्डर र शोधपत्र तयार गर्ने समयावधी सम्बन्धी विषयमा प्रतिष्ठानले अध्ययन संस्थान सँग आवश्यक समन्वयन गर्न सक्नेछ ।

५. **प्राविधिक समिति**: (१) शोधवृत्ति तथा अनुसन्धान अनुदान उपलब्ध गराउने कार्यप्रक्रियालाई व्यवस्थित गर्नका लागि प्रतिष्ठानले देहाय बमोजिमको प्राविधिक समिति गठन गर्नेछ ।

| | |
|---|---|
| अनुसन्धान व्यवस्थापक | संयोजक |
| मन्त्रालयको विज्ञान क्षेत्र हेर्ने शाखाको अधिकृत प्रतिनिधि | सदस्य |
| प्रतिष्ठानले तोकेको गण्डकी प्रदेश भित्रका अध्ययन संस्थानबाट विज्ञ प्रतिनिधि ३ जना | सदस्य |

(२) उपदफा (१) बमोजिम गठित प्राविधिक समितिमा आवश्यकता अनुसार अन्य विज्ञ तथा अन्य सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिको देहायको कार्यविवरण हुनेछ;

(क) शोधवृत्ति र अनुसन्धान प्रस्ताव (Proposal) को मुल्याङ्कन गर्ने ।  मूल्याङ्कन गर्नका लागि Scientific Committee तथा प्रतिष्ठानका वैज्ञानिक सम्मिलित विज्ञ समिति गठन गर्न सकिनेछ।

(ख) स्वीकृत अध्ययन तथा अनुसन्धानको प्रस्तावकर्ता र प्रतिष्ठानबीच दुई पक्षिय सम्झौताका लागि सिफारीश गर्ने।

(ग) शोधवृत्ति र अनुसन्धान प्रस्तावको प्रस्तुति गराइ पृष्ठपोषण दिने तथा पुनरावलोकन गर्ने।

(घ) अन्तिम प्रतिवेदन ग्रहण गरी भूक्तानीका लागि सिफारिस गर्ने।

## ६. प्रस्ताव मूल्याङ्कनका आधारहरुः

अनुसन्धान अनुदान प्रस्ताव मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्।

| क्रं. सं. | आधार | अङ्क |
|---|---|---|
| १ | Background & Rationale of Study | १५ |
| २ | Objectives | १० |
| ३ | Theoretical / Research Framework | १५ |
| ४ | Methodology | २० |
| ५ | Technical Writing | १० |
| ६ | Literature Review& Citation | १० |
| ८ | Timeline | १० |
| ९ | Budgeting | १० |
| | **जम्मा** | **१००** |

## ७. आवेदन संकलन :

(१) शोधवृत्ति तथा अनुसन्धान अनुदानका लागि वर्षभरि आवेदन संकलन गरिनेछ। आवेदनका लागि आवश्यक कागजात तथा शिफारिसपत्र सम्बन्धी विवरण र आवेदन पेश गर्ने विधि सम्बन्धमा प्रतिष्ठानको वेभसाईटमा जानकारी राखिनेछ।

(२) आवेदनकर्ताले जून आर्थिक वर्षमा शोध तथा अनुसन्धान सम्पन्न गर्ने हो सोही आर्थिक वर्षमा मात्र आवेदन दिनुपर्नेछ। शोधवृती आवेदनकर्ता आवेदन दिएको अवधिमा स्नातकोत्तर अन्तिम वर्षमा अध्ययनरत

रहेको हुनुपर्नेछ । अध्यापक अनुसन्धानकर्ताले स्नातकोत्तर अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई सुपरिवेक्षण गर्ने गरि मात्र आवेदन दिनुपर्नेछ। आवेदनमा उल्लेखित समयभित्र अनुसन्धानकर्ताले शोधपत्र अध्ययन संस्थानमा पेश गर्न असमर्थ भएमा निजको भूक्तानी दिन प्रतिष्ठान बाध्य हुनेछैन ।

(३) नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा अनुदानका लागि एकमुष्ट वा छुट्टाछुट्टै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

**८. प्रस्ताव पेश गर्नु पर्ने:**

(१) शोधवृत्ति तयार गर्ने इच्छुक अनुसन्धानकर्ताहरुले दफा ७ मा तोकिएको अवधिमा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका विवरण संलग्न गर्नुपर्नेछ । यी सम्पूर्ण विवरणहरु नसमेटीएको प्रस्ताव मूल्याङ्कन गरिने छैन ।

(क) Cover Letter

(ख) व्यक्तिगत विवरण (Resume)

(ग) हालसम्मको शैक्षिक प्रमाणपत्र (लब्धांक पत्रसहित)

(घ) अन्तिम वर्ष (थेसिस सम्पन्न गर्ने) मा अध्यापनरत रहेको अध्ययन संस्थाको सिफारिस पत्र

(ङ) सुपरीवेक्षकको प्रस्ताव स्वीकृती सिफारिस पत्र

(च) अध्यापक अनुसन्धानकर्ताको हकमा सुपरिवेक्षक तोकिएको पत्र ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरण तोकिएको ईमेल मार्फत पनि पेश गर्न सकिनेछ ।

**९. प्रस्ताव मूल्याङ्कन:**

(१) चालु वर्ष को बैशाख महिना देखि असोज मसान्तसम्म प्राप्त आवेदनहरु कार्तिक महिनामा मूल्याङ्कन गरिनेछ भने कार्तिक महिनादेखि आगामी चैत्र मसान्त सम्म प्राप्त आवेदनहरु श्रावण महिनामा मूल्याङ्कन गरिनेछ ।

(२) दफा ८ बमोजिम पेश भएका प्रस्तावहरु प्राविधिक समितिले दफा ६ बमोजिमका प्रस्ताव मूल्याङ्कनका आधारहरुको आधारमा मूल्याङ्कन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्तावहरु मूल्याङ्कन गरी प्राविधिक समितिले अधिकतम अङ्क प्राप्त गर्ने दफा ४ बमोजिमको संख्यामा, अनुदानको किसिम (नगद, वैज्ञानिक उपकरण तथा अन्य जिन्सी वा सुविधा अनुदान) र विद्यार्थी तथा सुपरिवेक्षण अनुदान अनुसार छुट्टाछुट्टै योग्यताक्रम तयार गरि वैकल्पिक अनुसन्धानकर्ताहरुको समेत सूची प्रतिष्ठान समक्ष पेश गर्नेछ ।

(४) प्रस्ताव मूल्याङ्कनका लागि प्राविधिक समितिले प्रतिष्ठानको वैज्ञानिक समितिका विज्ञ तथा प्रतिष्ठानका वैज्ञानिक सम्मिलित विषयगत विज्ञ समिति गठन गरि मूल्याङ्कनको जिम्मेवारी दिन सक्नेछ।

**१०. सूची प्रकाशन गर्ने**: (१) दफा ९ उपदफा (२) बमोजिम पेश भएको सूची बमोजिमका विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई अनुदानका लागि छनौट गर्ने निर्णय गरी उक्त सूची प्रतिष्ठानले वेवसाइट वा सूचना पाटीमा प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका विद्यार्थी तथा अनुसन्धानकर्तालाई सम्पर्क राख्ने मिति, समय र स्थान तोकी सम्झौताका लागि सूचना दिइनेछ।

**११. सम्झौता गर्ने**: (१) दफा १० बमोजिम छनौट भएका विद्यार्थी/अनुसन्धान संस्था तथा अनुसन्धानकर्तासँग प्रतिष्ठानले समयावधी तोकी अनुसची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(२) तोकिएको मितिभित्र सम्झौता गर्न नआएमा वैकल्पिक उम्मेदवारसँग सम्झौता गर्न सक्नेछ।

**१२. शोधवृत्ति पेश गर्ने**: (१) दफा ११ बमोजिम सम्झौता गरिएका विद्यार्थी तथा अनुसन्धानकर्ताहरुले आफ्नो शोधपत्र तयार भएपछि सुपरिवेक्षक र अध्ययन संस्थानको सिफारिस सहित शोधपत्र तथा अनुसन्धान प्रतिवेदन (Hard Copy र Soft Copy) प्रतिष्ठान समक्ष प्रत्यक आर्थिक वर्षको जेष्ठ पहिलो हप्ता भित्र पेश गरिसक्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेश भएका शोधपत्रको प्रस्तुतीकरणको व्यवस्थापन विद्यार्थी र सम्बन्धित अध्ययन संस्थानले गर्नुपर्नेछ।

(३) अनुसन्धानकर्ताले अनुदानका रुपमा प्राप्त खर्च भएर जाने बाहेकका वैज्ञानिक उपकरण अनुसन्धान पश्चात सम्बन्धित अध्ययन संस्थानलाई हस्तान्तरण गर्नुपर्नेछ।

**१३. रकम निकासा**:

(१) विद्यार्थी तथा अनुसन्धानकर्ताहरुलाई दफा ११ बमोजिम सम्झौता भएपश्चात अनुसन्धान कार्य गरि १ महिना पश्चात Inception Report पेश गरेपश्चात जम्मा रकमको ३० प्रतिशत रकम पेश्कीको रूपमा दिइनेछ। सो पश्चात Running Bill का आधारमा पेश्की समेत कूल अनूदानको अधिकतम ८०% सम्म रकम उपलब्ध गराईनेछ। शोध पत्र तथा अनुसन्धान प्रतिवेदन पेश तथा प्रस्तुतीकरण गरेपछि प्राविधिक समितिले सिफारिस गरेको प्रतिशतका आधारमा बाँकी रकम भुक्तानी गरिनेछ।

(२) अनुसन्धानकर्ताले पेश गरेको प्रतिवेदन प्राविधिक समिति वा सो समितिले तोकेको विज्ञ समितिले मूल्याङ्कन गर्नेछ । यसरी मूल्याङ्कन गर्दा उक्त समितिले शोधपत्र तथा अनुसन्धानको गुणस्तरियताका आधारमा पूर्ण अनूदान वा आंशिक अनूदानका लागि सिफारिस गर्न सक्नेछ । यसरी सिफारिस गर्दा अन्तिम किस्ता (२०%) को अनुदानको शुन्य देखि शत प्रतिशत सम्म रकम भुक्तानीको सिफारिस गर्न सक्नेछ । परिक्षण तथा सिफारिस सम्बन्धी सूचकहरु तथा सिफारिस प्रतिशत प्राविधिक तथा विज्ञ समिति आफैले तय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम हस्तान्तरण गर्दा नियमानुसार करकट्टी गरिनेछ ।

**१४. बाधा अड्काउ फुकाउने अधिकारः** यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा प्रतिष्ठानले फुकाउन सक्नेछ ।

**१५. संशोधनः** प्रतिष्ठानले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

**१६.** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

अनसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>शोध वा अनुसन्धान प्रस्तावको ढाँचा</u>**

1. Introduction
   1.1 Background
   1.2 Rationale of the Study
   1.3 Literature Review
   1.4 Objectives of the Study
   1.5 Scope and Limitations of the Study
   1.6 Theoretical Framework

2. Methods and Materials
   2.1 Study Area
   2.2 Data Collection
   2.3 Data Analysis

3. Expected Outcomes

4. Timeline of the Study

5. Proposed Budget (specify the amount for Cash, Material or services separately)

6. References
   American Psychological Association (APA) 6th format

7. Annexes
   Data collection format, Questionnaires, Checklists, Standard operating procedures, etc.

8. External Collaboration
   Mention the role and responsibilities of each collaborating partners (If applicable).

Font: Times New Roman, 12 single spaced

Word: Up to 2000 words excluding References, Annexes

अनसूची-२

(दफा ११ सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

प्रदेश सरकार

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान

गण्डकी प्रदेश, पोखरा

**१. विद्यार्थी तथा अनुसन्धानकर्ताको विवरण**

(क) विद्यार्थी तथा अनुसन्धानकर्ताको नामः

(ख) ठेगानाः

(ग) अध्ययन संस्थानको नामः

(घ) अध्ययनरत तहः

**२. शोधपत्रको विवरण**

(क) शोधपत्रको शीर्षकः

(ख) प्रतिष्ठानले उपलब्ध गराउने सहयोग रुः

**३. शर्तहरु**

(क) शोध तथा अनुसन्धान प्रतिवेदन जेष्ठ मसान्तभित्र प्रतिष्ठानमा पेश गर्नुपर्नेछ।

(ख) शोधपत्रमा उल्लेख भएको अनुसन्धानको विधी अनुसार अनुसन्धान गर्नुपर्नेछ।

(ग) सहयोग रकम दुई किस्तामा उपलब्ध गराइनेछ। सम्झौता भएपछि पेश्कीको रुपमा ३० प्रतिशत र Running Bills का आधारमा ८० प्रतिशत सम्म र बाँकी रकम शोधपत्र पेश भएपछि मूल्याङ्कनका आधारमा भुक्तानी गरिनेछ।

(घ) प्रस्तुतीकरण प्रतिष्ठानका प्रतिनिधिको उपस्थितिमा हुनुपर्नेछ।

(ङ) सहयोग रकममा लाग्ने नियमानुसारको करकट्टी गरिनेछ।

(च) सुपरीवेक्षकको सिफारिस भएपछि मात्र भुक्तानी गरिनेछ।

(छ) यसमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर छौं।

**सहयोग प्राप्त गर्ने विद्यार्थी तथा अनुसन्धानकर्ता**

दस्तखतः

नाम थरः

तहः

सम्पर्क नं.

इमेलः

**साक्षी रोहवर**

दस्तखतः

नाम थरः

पदः

मितिः

**प्रतिष्ठानको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

मितिः

**अध्ययन संस्थानको तर्फबाट**

दस्तखतः

नाम थरः

पदः

मितिः

छापः